
# स्थानीय तहको प्रारम्भिक बालविकास रणनीति

## २०८१

नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३




**नरहरिनाथ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**कुमालगाउँ कालिकोट**

बालकृष्ण रवि मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

नरहरिनाथ गाउँपालिका
गाउँपालिकाको कार्यालय
कालिकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

# बिषयसूची

नरहरिनाथ गाउँपालिकाको संक्षिप्त जानकारी ........ ३

परिच्छेद-१ ........ ४

१.१ पृष्ठभूमि ........ ४

१.२ प्रारम्भिक बालविकास रणनीतिको आवश्यकता ........ ५

१.३ रणनीति योजना निर्माण प्रक्रिया (समन्वय, समुदायको संलग्नता र क्षमता) ........ ५

१.३.१ नरहरिनाथ गाउँपालिका तथा वडा स्तरीय प्रारम्भिक बालविकास समिति गठन ........ ५

१.३.२ पालिकास्तरीय परामर्श कार्यक्रम आयोजना ........ ५

१.३.३ लक्षित समुह छलफल कार्यक्रम आयोजना ........ ६

१.३.४ विषयगत अन्तर मन्त्रालय (द्वितीय तथ्यांक संकलन) ........ ६

परिच्छेद-२ ........ ७

प्रारम्भिक बालविकासको अवस्थाको विश्लेषण ........ ७

२.१ नरहरिनाथ गाउँपालिकाको प्रारम्भिक बालविकासको अवस्थाको विश्लेषण ........ ७

२.२ प्रारम्भिक बालविकासका चुनौती तथा अवसरहरू ........ ८

२.२.१ चुनौती ........ ८

२.२.२ अवसर ........ १०

परिच्छेद-३ ........ १३

रणनीतिका आधार र मान्यताहरु ........ १३

३.१ रणनीतिका आधार ........ १३

क) बहुपक्षीय संलग्नता ........ १३

ख) प्रारम्भिक बालविकासको अधिकार ........ १३

ग) मानव जीवन चक्रमा आधारित ........ १३

घ) स्थानिय परिवेश ........ १३

३.२ आधारभूत मान्यताहरू ........ १३



बालकृष्ण रानामगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

३.३ प्रारम्भिक बालविकास सम्बन्धी आधारभूत सेवाहरू ........ १४

परिच्छेद-४ ........ १६

प्रारम्भिक बालविकास रणनीति ........ १६

४.१ दूरदृष्टि ........ १६

४.२ लक्ष्य ........ १६

४.३ उद्देश्य ........ १६

अनुसूची १ ........ २५

अनुसूची २: ........ २६



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

नरहरिनाथ गाउँपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

# प्रारम्भिक बालविकास रणनीति

## नरहरिनाथ गाउँपालिकाको संक्षिप्त जानकारी

**योगी नरहरिनाथ** (१९७१-२०५९) नेपालका एक अध्यात्मिक व्यक्ति थिए। उनी नेपालका उद्भट आध्यात्मिक व्यक्तित्वका रूपमा परिचित छन्। वेद, वेदान्त, इतिहास, पुरातत्त्व, पुराण जस्ता अति गहन विषयहरूका ज्ञाता, प्रकान्ड विद्वान् योगी आजीवन अन्वेषकका रूपमा रहेको पाइन्छ। त्यसैले उनलाई रास्ट्रगुरुको रुपमा लिइएको पाइन्छ। उनको जन्म स्थान रहेको गाउँ भएकोले उनको सम्मान स्वरुप पालिकाको नामनै नरहरिनाथ राखिएको पाइन्छ।

कालीकोट जिल्ला नरहरिनाथ गाउँपालिका साविकको कुमालगाउँ, कोटबाडा, रुप्सा, मालकोट र लालु गाउँ विकास समिति मिलाएर नरहरिनाथ गाउँपालिका बनेको हो । नरहरिनाथ गाउँपालिकाको कुल क्षेत्रफल १४३.८६ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकामा जम्मा ९ वडा रहेका छन् । यस नरहरिनाथ गाउँपालिकाको भौगोलिक तथा प्राकृतिक अवस्थाको बारेमा अक्षांश २९ डिग्री ७ मिनेट ३३ सेकेन्ड उत्तर देखि २९ डिग्री १८ मिनेट ५६ सेकेन्ड उत्तरी अक्षांश र ८१ डिग्री २८ मिनेट ११ सेकेन्ड पूर्वदिखी ८१ डिग्री ३५ मिनेट ३१ सेकेन्ड पूर्वी देशान्तरमा रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस नरहरिनाथ गाँउपालिकाको कुल जनसंख्या २२४५८ जसमा पुरुषको संख्या ११०५८ र महिलाको संख्या ११४०० रहेको र परिवार संख्या ४२९०, साक्षरता दर ७५.१२ प्रतिशत जसमा पुरुष ८१.४५ र महिला ६९.०५ रहेको छ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

## १.१ पृष्ठभूमि

गर्भावस्था देखि ८ वर्ष सम्मका बालबालिकालाई प्रारम्भिक बाल्यावस्था भनिन्छ। उक्त अवस्थामा हुने बालबालिकाको सर्वाङ्गीण (शारीरिक, बौद्दिक, सामाजिक, संवेगात्मक तथा भाषिक) विकास उमेर अनुसार क्रमिक रुपमा देखिने सकारात्मक परिवर्तन नै प्रारम्भिक बालविकास हो। बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण र प्रारम्भिक सिकाइका अवसर प्रदान गर्नु प्रारम्भिक बालविकासको मुख्य उद्देश्य हो। नेपालको संविधान, राष्ट्रिय कानून तथा संयुक्त राष्ट्रसङ्घीय बालअधिकार सम्बन्धी महासन्धि १९८९ अनुसार सबै बालबालिकालाई प्रारम्भिकबाल विकास सम्बन्धी सबै सेवाहरू उपलब्ध गराई बालबालिकाको बाँच्नपाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागी हुनपाउने अधिकार सुनिश्चित गर्न नेपाल सरकार स्थानीय तह प्रतिबद्द हुनुपर्दछ। स्नायु विज्ञान अनुसार तीनवर्षको शिशुको मस्तिष्क वयस्कको भन्दा तीनगुणाले बढी क्रियाशील हुन्छ। यसको लागि सम्वेदनशिल स्याहारको आवश्यकता पर्दछ। उपयुक्त वातावरण पाउन सकेमा मष्तिष्कमा न्यूरोन बीच सम्वन्ध कायम हुन्छ र मष्तिष्क विकासमा राम्रो प्रभाव पर्दछ। शरीरले सम्बन्ध स्थापित हुन नसकेका ती न्यूरोनलाई काँटछाट गर्दछ र उत्पादन भएका मष्तिष्कका कोशिका नष्ट भएर जान्छ। त्यसैले राम्रो मस्तिष्क विकासको लागि त्यस उमेरका बालबालिकालाई परिवार र समुदायले बालबालिका अनुकुल वातावरण बनाइराख्नु आवश्यक छ।

अनुकुल वातावरण भएमा गर्भवस्था देखि ८ वर्ष उमेरका बालबालिकामा गरिएको लगानीले ७ देखि १० गुणा प्रतिफल प्राप्त हुने अध्ययनले देखाएकोछ। उपयुक्त वातावरण भन्नाले जोखिममा रहेका बालबालिकालाई विशेष हेरचाह, राम्रो स्वास्थ्य, प्रर्याप्त पोषण, संवेदनशिल स्याहार, सुरक्षा र संरक्षण, उत्प्रेरणा र सिकाईलाई जनाउँदछ । पोषिलो खाना, शारीरिक स्वस्थता र शारीरिक व्यायम प्रारम्भिक बालविकास उमेरमा मष्तिष्क विकासका लागि आवश्यक कुराहरु हुन। उल्लेखित स्याहा र उमेर उपयुक्त ढंगबाट प्राप्त हुन सकेमा बालबालिकामा सर्वागीण विकास हुन्छ। मस्तिष्क विकास राम्रोसंग हुन्छ र राम्रो शिक्षा हाँसील गर्न सक्दछ। सामाजिक रुपमा सक्षम र सवल हुन्छन्। जसको फलस्वरूप दक्ष जनशक्ति निर्माण हुन्छ र राष्ट्रले लगानीको राम्रो प्रतिफल लिन सक्दछ।

नेपालमा विगत देखि नै प्रारम्भिक बालविकास सम्बन्धी विभिन्न कार्यक्रम संचालन गर्दै आइरहेका छन्। प्रारम्भिक बालविकास सम्बन्धी नीति कार्यक्रम अझै प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तीन तहको सरकारलाई अवसरको साथै जिम्मेवारी समेत प्राप्त भएको छ। प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको शारीरिक, बौद्दिक, सामाजिक, संवेगात्मक र भाषिक विकासका लागि गुणस्तरीय तथा एकीकृत प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नमा विभिन्न तह र क्षेत्रमा चुनौतीहरु छन् । यस पालिकामा विभिन्न अवसरका बावजुद बालबालिकाले पाउने सेवाको पहुँचमा



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

भौगोलिक, सामाजिक तथा आर्थिक चुनौतिको कारणले अपेक्षित उपलब्धी हासिल गर्न कठिन रहेको छ ।

### १.२ प्रारम्भिक बालविकास रणनीतिको आवश्यकता

- राष्ट्रिय रणनीतिले गाउँपालिकाप्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम काम गर्न
- प्रारम्भिक बालविकासको संवैधानिक तथा नीतिगत व्यवस्थालाई कार्यान्वयन गर्न गराउन
- गाउँपालिका प्रारम्भिक बालविकास समितिलाई प्रभावकारी रुपमा अगाडि बढाउन
- स्थानीय तहलाई प्रारम्भिक बालविकासका लागि ठोस नीति प्रदान गर्न
- गाउँपालिकातहमा सबै सरोकारवालालाई एकीकृत कार्यक्रम बनाउन निर्देशन गर्न
- अनुगमन तथा मुल्यांकनका लागि ठोस नीति तयार गरीप्रारम्भिक बालविकास कार्यक्रम प्रभावकारी बनाउन
- बालबालिकाहरुको अवस्था पहिचान गरी उमेर अनुसारको कार्यक्रम सञ्चालन गर्न

### १.३ रणनीति योजना निर्माण प्रक्रिया (समन्वय, समूदायको संलग्नता र क्षमता)

सामाजिक विकास मन्त्रालय अन्तर्गत बनेको प्रारम्भिक बालविकास समितिले गाउँपालिका तथा स्थानिय तहमा कार्यरत कर्मचारी, जनप्रतिनिधि, सम्बन्धित कार्यक्षेत्रका शिक्षक, वि.व्य.स. समितिका पदाधिकारीहरु, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मीहरु, स्वास्थ्य आमा समूहका प्रतिनिधिहरु, बालक्लब प्रतिनिधिहरुसँग छलफल अन्तर्क्रिया गरी प्राप्त सुझाव समेतलाई आधार मानि रणनीति तयार गरीएको हो ।

#### १.३.१ नरहरिनाथ गाउँपालिका तथा वडा स्तरीय प्रारम्भिक बालविकास समिति गठन

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७ –२०८८ ले गाउँपालिकास्तरमा एक समिति गठन हुने व्यवस्था गरि काम कर्तव्य अधिकार तोकेको छ। सोहि अनुसार गाउँपालिका प्रारम्भिक बालविकास सम्वन्धि रणनीति मस्यौदा तयारीको लागि प्लान इन्टरनेशनल नेपालले किर्डाक मार्फत आवश्यक सहयोग र समन्वय गरेको थियो। यसका लागि गाउँपालिकास्तरमा एक परामर्श तथा कार्यशालाको आयोजना गरिएको थियो । त्यसै गरी पालिकाका प्रमुख तथा प्रतिनिधिहरु, विसयगत शाखा प्रमुख, जनप्रतिनिधि, प्रारम्भिक बालविकास शिक्षकहरु, कक्षा १-३ का शिक्षकहरु, महिला स्वास्थ्य स्वयमसेविकाहरु लगायत संग समेत परामर्श गरिएको थियो।

#### १.३.२ पालिकास्तरीय परामर्श कार्यक्रम आयोजना

गाउँपालिकास्तरीय प्रारम्भिक बालविकास समितिवाट स्वीकृत कार्ययोजना अनुसार गाउँपालिकास्तरीय सरोकारवालाको परामर्श गोष्ठी सम्पन्न गरियो। उक्त कार्यक्रममा पालिका उपाध्यक्ष, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु तथा शाखा प्रमुखहरुको सहभागितामा परामर्श गोष्ठी आयोजना गरिएको थियो । परामर्श कार्यक्रममा समुह छलफल गरी विषयगत शाखाहरुको कार्यक्रमबारे जानकारी लिइयो।



बालकृष्ण [illegible] मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

विषयगत शाखाको नेतृत्वमा जनप्रतिनिधिहरु, शिक्षक महासंघ प्रतिनिधिहरु, बाल क्लब तथा उपस्थित सबैको सहभागीतामा समुह कार्य गरी तथ्यांक प्रस्तुत गरिएको थियो ।

### १.३.३ लक्षित समुह छलफल कार्यक्रम आयोजना

लक्षित समुहमा स्वास्थ्य आमा समुह, महिला स्वास्थ्य स्वयंसेविका, प्रारम्भिक बालविकास शिक्षकहरु, प्रारम्भिक कक्षा (१-३ कक्षा) पढाउने शिक्षकहरु र व्यवस्थान समिति सदस्यहरुको प्रतिनिधिहरुको सहभागीता गराइएको थियो। कार्यक्रम आयोजना गर्नुको कारण रणनीतिको मस्यौदा तयारीका लागि अपनाइएका प्रक्रिया रणनीतिको औचित्यता लगायतको अन्तर्क्रिया गरियो। छलफलको लागि समुह अनुसारको प्रश्नावली तयार गरिएको थियो। सोहि प्रश्नको आधारमा छलफल गर्दै तथ्यांक सकंलन गरियो।

### १.३.४ विषयगत अन्तर मन्त्रालय (द्वित्तीय तथ्यांक संकलन)

विषयगत अन्तरमन्त्रालयबाट पनि बिभिन्न तथ्यांक संकलन लागि आवश्यक सूचना आउने गरी फरमेट तयार गरी प्रत्येक मन्त्रालयमा समन्वय गरियो। मुख्य मन्त्री कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानून मंत्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्यमंत्रालय, भौतिक पूर्वाधार विकास, खानेपानी, उर्जा तथा सिंचाई, कृषि तथा पशुपन्छी विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय लगायतका निकायसंग समन्वय गरी बालबालिकाको क्षेत्रमा उक्त निकायले गरेका कार्यक्रम तथा भएका व्यवस्थाको बारेमा सुचना सङ्कलन गरिएको थियो।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

## प्रारम्भिक बालविकासको अवस्थाको विश्लेषण

भावी रणनीति निर्माण गर्न बागमती पालिकाको वर्तमान अवस्था प्रस्तुत गर्न आवश्यक पर्दछ। केहि महत्वपुर्ण क्षेत्रको विश्लेषण देहाय अनुसार गरिएको छ ।

### २.१ नरहरिनाथ गाउँपालिकाको प्रारम्भिक बालविकासको अवस्थाको विश्लेषण

जनगणना २०७८ अनुसार नरहरिनाथ गाउँपालिकाको प्रारम्भिक उमेरका अर्थात १-८ वर्ष उमेर समूहका बालबालिका संख्या २९७३ (केटा-१४४० र केटी-१५३३) रहेको छ ।

**स्वास्थ्य**

स्वास्थ्य शाखा अन्तर्गत अधिकांश सेवाहरुमा बालबलिकाहरुको पहुँच रहेको देखिन्छ तर गुणस्तरीयता र व्यवस्थापनमा कमि भएको पाइन्छ। जस्तै गर्भधारणको लागि तयारी तथा परमर्श केन्द्रको व्यवस्थापन हुन सकेको छैन। तर आवश्यक परेको बेला स्वास्थ्यकर्मी मार्फत सल्लाह सुझाव उपलब्ध गराउने गरेको अवस्था छ। गर्भावस्था देखि २/३-५ वर्ष सम्मका बालबालिकाको हकमा स्वास्थ सम्वन्धि धेरै सेवाहरु प्रदान भैरहेको छ। स्वास्थ्य सेवा मार्फत भैरहेका सेवाहरुलाई प्रारम्भिक बालविकाससंग जोडिएको छैन। यस उमेर समुहका बालबालिकालाई उचित स्याहारको अवधारणा अनुसार स्वास्थ्यमा प्रारम्भिक सिकाइ, संवेदनशील स्याहार, सुरक्षा र संरक्षण तथा प्रारम्भिक उत्प्रेरणाको महत्वपूर्ण भाग छुटेको छ । त्यसको लागि गैरसरकारी संस्थाहरुसंगको सहकार्यमा केहि वडाहरुको केही टोलहरुमा महिला स्वास्थ्य स्वमसेविका, स्वास्थ्यकर्मी तथा प्रारम्भिक बालविकासका बालशिक्षक मार्फत अभिभावक शिक्षा संचालन गरी सचेतना अभिवृद्दी गर्न पहल गरेको पाइन्छ। आमा स्वास्थ्य कार्यक्रम अन्तर्गत स्वास्थ्य आमा समुह सञ्चालन गरिएको पाइन्छ। सो कार्यक्रम मार्फत आमाहरुलाई आफ्ना बालबलिकाको उचित स्याहार (राम्रो स्वास्थ्य, पर्याप्त पोषण,प्रारम्भिक सिकाइ, संवेदनशील स्याहार र सुरक्षा/संरक्षण) बारे सचेतना गराइएको पाइन्छ।

**शिक्षा**

४/५ वर्ष उमेर समुहका बालबालिकाको लागि स्थापना गरिएको प्रारम्भिक बालविकास केन्द्र (कक्षा) संचालनका लागि न्युनतम मापदण्ड लागु भएको छ साथै सिकाइ व्यवस्थापनको लागि एकीकृत पाठ्यक्रम बनेको छ। १-३ कक्षाका लागि एकीकृत ढाँचामा पाठ्यक्रम बनेको छ, सबै विषयलाई एकीकृत ढांचामा अध्यापन गराउने प्रक्रिया सुरू भएको देखिन्छ। यति हुँदाहुँदै पनि सोको पूर्णरुपमा कार्यान्वयन हुनभने नसकेको अवस्थाछ। प्रारम्भिक बालविकास केन्द्र/पूर्व प्राथमिक कक्षा तथा प्रारम्भिक कक्षा (१—३) का सबै शिक्षकलाई तालिम दिन नसक्नु, खेल तथा सिकाइ समाग्रीको अभाव, अभिभावक शिक्षा कार्यक्रम नहुनु, शिक्षकको बैठकमा प्रारम्भिक बालविकास



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र ... विष्ट
अध्यक्ष

सम्बन्धी छलफल कम हुनु जस्ता कारणले गर्दा बालबालिकाहरुले कम गुणस्तरीय सेवामा चित्त बुझाउनु पर्ने अवस्था छ। पालिकामा संघीय सरकारको अनुदान प्राप्त पालिकाको स्रोत मार्फत संचालित बालविकास केन्द्रहरु तथा प्रारम्भिक कक्षाहरु (१-३) संचालनमा रहेको छ।

नेपाल सरकार, राष्ट्रीय योजना आयोगले जारी गरेको प्रारम्भिक बालविकास रणनीति २०७७-२०८८ ले प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा र बालशिक्षा सम्बन्धी सबै सेवाहरू एकीकृत रूपमा उपलब्ध गराई उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख गरेको छ। यसका लागि बालबालिकासँग सम्वन्धित सबै सेवा प्रदायक शाखा तथा संस्थाहरुका वीचमा आपसी समन्वय हुनुपर्ने, गाउँपालिकामा प्रारम्भिक बालविकासको रणनीति हुनुपर्ने, स्रोत साधनहरूको परिचालन गर्न एकीकृत योजना बनाउनु पर्ने र समुदायमा प्रारम्भिक विकास सम्बन्धी क्रियाकलापहरु एकीकृत रुपमा संचालन गर्नुपर्ने, कार्यक्रमको दिगोपनाका लागि सम्बन्धित गैरसरकारी संस्था, समुदायमा आधारित संस्थाहरू र स्थानीय सरोकारवालाहरूका वीचमा सहकार्य हुनुपर्ने, स्थानीय तहमा नै आवश्यक स्रोत परिचालन गर्नुपर्ने, गाउँपालिका र प्रदेश तथा केन्द्रीय तहमा सम्बन्धित सबै मन्त्रालयहरू र अन्य संस्थाहरूबाट सहयोग प्राप्त हुनुपर्ने, कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन मूल्याङ्कन गर्न समुदायको संलग्नता हुनुपर्ने, बालबालिकाको विकासमा अभिभावक तथा परिवारको भूमिका महत्वपूर्ण हुने कुरामा जोड दिइएको छ।

## २.२ प्रारम्भिक बालविकासका चुनौती तथा अवसरहरू

गर्भावस्था देखि ८ वर्ष उमेरका सबै बालबालिकाको शारीरिक, बौद्दिक, सामाजिक, संवेगात्मक र भाषिक विकासका लागि एकीकृत प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नमा चुनौतीहरू रहेका छन्। किनकी अधिकांश सरोकारवाला तथा समुदायको बुझाईमा शिक्षा र त्यसमा पनि साक्षर हुने कुरामा बढी जोड दिइएको पाइन्छ। तथापी संविधान तथा विधमान कानूनले प्रारम्भिक बालविकासलाई महत्व दिनुका साथै तीन दशक देखि प्रारम्भिक बालविकास सेवाको पहुँच र यसको गुणस्तर बौद्दिक लागि विभिन्न नीति, योजना र कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्।

### २.२.१ चुनौती

हाल नेपालमा नीतिगत हिसावले प्रारम्भिक बालविकासको क्षेत्रमा निकै ठूलो फड्को मारेको भएता पनि व्यवहारिक रुपबाट बालबालिकाको विकासमा अपेक्षाकृत प्रगति भएको देखिदैन। प्रारम्भिक बालविकासको क्षेत्रमा विभिन्न कार्यक्रम संचालन गर्दै आइरहेको छ। तर बालवालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै प्रकारका सेवा एकीकृत रूपमा सुनिश्चित भने गर्न सकिराखेको छैन। बालवालिकाले पाउने सेवामा एकरूपता र गुणस्तरमा अपेक्षित उपलब्धि हाँसिल नहुनु चुनौतीपुर्ण छन्।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

(क) नीति तथा कानूनको व्यवस्थाः

नेपालमा प्रारम्भिक बालविकासका सन्दर्भमा महत्वपूर्ण संवैधानिक तथा नीतिगत व्यवस्थाहरू रहेका र तिनले प्रारम्भिक बालविकास उमेरका बालबालिकाको समुचित विकासलाई प्राथमिकता दिएका छन्। यद्यपि हाल भएका ऐन, कानूनका व्यवस्थाहरू गुणस्तरीय एकीकृत प्रारम्भिक बालविकासका कार्यक्रम सञ्चालन गर्न प्रर्याप्त छैनन। प्रारम्भिक बालविकास सम्बन्धि भएका व्यवस्थाहरु कार्यान्वयन गर्न एकिकृत नीति तथा निर्देशिका निमार्ण गरी कार्यान्वयनमा ल्याउनु आवश्यक देखिन्छ।

(ख) गुणस्तरीय सेवाको पहुँचः

प्रारम्भिक बालविकासको उद्देश्य सबै बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर प्रदान गर्नु हो। लिङ्ग, भूगोल, जातियता, अपाङ्गता वा आर्थिक हैसियत जस्ता कुनै पनि कारणले बालबालिकाले पाउने प्रारम्भिक बालविकासका लागि आवश्यक सेवाहरू प्रभावित हुनु हुँदैन। तथापि प्रारम्भिक बालविकासको कार्यक्रमको नाममा मुख्यतः बालविकास केन्द्रहरू, प्रारम्भिक कक्षा (१–३), स्वास्थ्य आमा समुह, खोप, गर्भ जांच जस्ता सेवाहरु सञ्चालन भैरहेका छन् । प्रारम्भिक उमेरका सबै बालबालिकाको लागि आवश्यक स्वास्थ्य, खोप, पोषण, सरसफाइ तथा शुद्द पिउने पानी आदिको अवस्था पहिचान गरी सबै सेवाहरू एकीकृत रूपमा सुनिश्चित गर्न सकिएको छैन ।

(ग) बालबालिका, अपाङ्ग र लैङ्गिक मैत्री पूर्वाधारः

प्रारम्भिक बाल विकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्न पर्याप्त पूर्वाधारको आवश्यकता पर्दछ। गर्भावस्थाको परीक्षण देखि सुरक्षित जन्म गराउन सुविधा सम्पन्न प्रसूति केन्द्र, स्वास्थ्य संस्था तथा बालबालिकाको लागि सुरक्षित स्याहार तथा विकास प्रारम्भिक केन्द्रहरू, प्रारम्भिक कक्षा (१–३), सञ्चालन गरिनु पर्दछ। सञ्चालनमा रहेका बालबालिका तथा गर्भवती महिलाका लागि सेवा प्रदान गर्ने संस्थाहरूमा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक मैत्री, सुरक्षित तथा प्रर्याप्त पूर्वाधार तथा सेवाहरुमा कमि रहेको छ।

(घ) प्रभावकारी समन्वय र सहकार्यः

प्रारम्भिक बालविकास कार्यक्रम आफैंमा वहुपक्षीय कार्यक्रम हो। तसर्थ, एकीकृत प्रारम्भिक बालविकास कार्यक्रमका लागि वहुपक्षीय समन्वय र सहकार्य अपरिहार्य हुन्छ।

(ङ) गर्भवती महिला र बालबालिका केन्द्रित विपद् व्यबस्थापन नीति

कुनै पनि आपत, विपद प्रकोपमा जहिले पनि बालबालिका र गर्भवती महिलाहरू नै बढी जोखिममा पर्दछन । नेपालमा विपद पूर्व तयारी तथा व्यवस्थापन योजना सुरू गरिएको भएता पनि समग्र बालबालिका तथा महिलाको सुरक्षा र संरक्षणका विषयलाई सम्बोधन गर्न सकिएको छैन। साथै जोखिममा परेका बालबालिकाको लागि आश्रयस्थल, बालगृह तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाका लागि आपतकालीन गुणस्तरीय सेवाको अभाव छ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

(ङ) संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापनः

प्रारम्भिक बालविकास कार्यक्रमलाई गुणस्तरीय र प्रभावकारी रूपमा सञ्चालन गर्न संस्थागत तथा संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापन आवश्यक छ। यसका लागि विभिन्न संस्था, निकायबाट कार्यक्रम सञ्चालन गरिएको भएता पनि यस्ता कार्यक्रमको गुणस्तरीयता, एकरूपता तथा दिगो व्यवस्थापन गर्ने कुनै एउटा निश्चित निकाय छैन।

(च) स्रोतको पर्याप्तता तथा प्रभावकारी व्यवस्थापनः

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनका लागि दिगो आर्थिक स्रोतको महत्वपूर्ण स्थान भएता पनि यसको लागि पर्याप्त आर्थिक लगानी हुनसकेको छैन। हाल बालविकास कार्यक्रममा विषयगत मन्त्रालय मार्फत गरिएको सीमित लगानीमा पनि एकरूपता र सो अनुसारको प्रतिफल प्राप्त हुनसकेको छैन। प्रारम्भिक बालविकासको सेवा प्रदान गर्न अभिभावक तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा गर्भवती महिला र बालबालिका सँग काम गर्ने मानव स्रोतमा बालविकास र बाल आवश्यकता सम्बन्धी पर्याप्त ज्ञान हुनुपर्दछ। हाल गर्भवती महिला र बालबालिका सँग कार्यरत मानव स्रोत पर्याप्त छैन जो कार्यरत छन् उनीहरूमा पनि पर्याप्त ज्ञान, सीप, क्षमता र दक्षता भएको पाईंदैन।

(छ) अध्ययन, अनुसन्धान र प्रकाशनः

प्रारम्भिक बालविकासको क्षेत्रमा सञ्चालित कार्यक्रमहरूलाई समय सापेक्ष सुधार गर्न तथा नयाँ कार्यक्रम तथा पद्धतिहरूको निर्माण गर्न पनि अध्ययन अनुसन्धान महत्वपूर्ण हुन्छ। यस क्षेत्रमा अध्ययन, अनुसन्धान र प्रकाशन असाध्यै न्यून रहेको छ। नेपालमा पुस्तौं देखि रहि आएको प्रारम्भिक बालविकास सम्बन्धी परम्परागत ज्ञान, सीप र सकारात्मक क्रियाकलापहरूलाई निरन्तरता दिने अभ्यासको अभिलेखी करण तथा सो बारेमा अध्ययन तथा प्रकाशन भएका छैनन्।

(ज) तथ्याङ्क सङ्कलन तथा अद्यावधिकीकरणः

गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाले प्राप्त गर्ने सेवाको सूचना तथा तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्दै बालबालिका सम्बन्धी तथ्याङ्क (डाटाबेस) तयार गरी अनिवार्य प्रयोगमा ल्याउनु जरूरी छ। हाल नेपालमा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको संख्या (गर्भवती महिला र ८ वर्ष मुनीका) सहजै पाउने अवस्था छैन। उनीहरूका लागि सञ्चालित कार्यक्रमहरू तथा उनीहरूले पाउने सेवा तथा कार्यक्रमको विस्तृत जानकारी एकै स्थानबाट उपलब्ध हुने व्यवस्था छैन। फलतः सेवाको विस्तारमा, गुणस्तर अभिवृद्धिमा तथा अनुगमनमा समेत समस्या रहेको छ।

२.२.२ अवसर

देशभर प्रारम्भिक बालविकासको सेवा वृद्धि भएसंगै केहि वर्ष देखि सेवाहरू क्रमिक रूपमा विस्तार हुँदै आइरहेका छन्। हाल विभिन्न नामबाट प्रारम्भिक बालविकासका कार्यक्रमहरू सञ्चालित भएको पाइन्छ। सुनौला हजारदिन, बहुक्षेत्रीय पोषण कार्यक्रम, अभिभावक शिक्षा, दिवा शिशुस्याहार केन्द्र,



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

शिशु विकास केन्द्र, नर्सरी कक्षा, किण्डर गार्टेन, मन्टेश्वरी, विद्यालय तथा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र, पूर्वप्राथमिक कक्षा पढाइ (१-३ कक्षा) आदि नामबाट विभिन्न कार्यक्रमहरू, सरकारी निकाय, गैरसरकारी सघंसंस्थाहरू र निजी क्षेत्रको संलग्नतामा सञ्चालन हुँदै आएका छन्। यी कार्यक्रमहरूका अतिरिक्त बालबालिकाको स्वास्थ्य, पोषण र सुरक्षा सम्बन्धी जनचेतना कार्यक्रमहरू समेत प्रदान गरिदै आएका छन्। प्रारम्भिक बालबिकास उमेरका बालबालिकामा गरिएको अध्ययन तथा छलफलबाट प्राप्त सुझावहरू समेतको आधारमा निम्नानुसारका अवसरहरू पहिचान गरिएका छन्।

(क) संवैधानिक व्यवस्थाः

नेपालको संविधानले प्रारम्भिक बालविकास र सहभागिताको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। त्यसैगरी संविधानले प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचितस्याहार, खेलकूद, मनोरञ्जन, सुरक्षा, संरक्षण तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको प्रत्याभूत गरेकोछ। स्वास्थ्य सम्बन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र कोही पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित हुन नपर्ने प्रावधान रहेको छ । प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकका साथै प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच तथा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक प्रदान गरिएको छ। त्यस्तै, संविधानको धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचितस्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने कुरा उल्लेख गरिएको छ भने उपधारा ३ मा प्रत्येक बालबालिकाको प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक सुनिश्चित गरिएको छ।

(ख) कानूनी तथा नीतिगत व्यवस्थाः

नेपालमा कानूनी तहमा प्रारम्भिक बालविकास सम्बन्धी महत्वपूर्ण प्रावधानहरू समेटिएका छन्। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी ऐन, २०७५ मा प्रारम्भिक बालविकास सम्बन्धी कानूनी प्रावधान रहेका छन्। पन्ध्रौंयोजना (२०७६/७७—२०८०/८१), बालबालिकास सम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३—२०८०), बहुक्षेत्रीय पोषणयोजना, दोस्रो (२०७५/७६—२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन्।

(ग) कार्यक्रमगत व्यवस्थाः

नेपालमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गत गर्भवती महिला, नवजात शिशु तथा बालबालिकाको स्वास्थ्य स्थितिमा आवश्यक सुधार ल्याउन स्वास्थ्य तथा पोषण सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन भईरहेका छन्। यस अन्तर्गत सञ्चालित खोप कार्यक्रमहरू मार्फत



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

बालबालिकालाई रोगहरूबाट बचाउन सकिएको छ । गर्भावस्थाका महिलाहरूले गर्भ रहेको महिना देखि प्रत्येक महिनामा अर्थात ८ पटक गर्भजाँच गरिनुपर्ने, रक्तअल्पताबाट जोगाउन आइरन, फोलिक एसिडको वितरण, शिशुको सुरक्षित जन्मको लागि स्वास्थ्य संस्थामा सुत्केरी गराउने सुविधा तथा प्रोत्साहन भत्ताको व्यवस्था र शिशुको जन्मपछिको अवस्थामा स्वास्थ्य जाँचमा प्रोत्साहनको व्यवस्था गरेको तथा कतिपय स्थानीय तहहरूमा लैङ्गिक हिंसामा कमी ल्याउनका लागि छोरी जन्मिदा प्रोत्साहन भत्ता दिने गरिएको छ। बागमाती गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी वा संस्थामा सुत्केरी गराउने र नियमित जाँचको लागि आउनेहरूको लागि २००० देखि २८०० सम्म यात्रा खर्च उपलव्ध गराउने तथा गर्भजाँच गर्न आउँदा अण्डा तथा पोषण प्याकेट वितरण गर्ने गरेकोछ। बालबालिकाको सुरक्ष र संरक्षणका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा अन्तर्गत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। यसका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार, अभिभावक विहिन बालबालिकाका लागि आवासीय बालगृहको व्यवस्था गरेको र यसका लागि आवश्यक मापदण्ड सहितको निर्देशिका तर्जुमा गरी लागू गरिएको छ। यसै गरी बालबालिकाको जन्म दर्ता र प्रोत्साहन भत्ताले पनि बालबालिकाको संरक्षणमा सघाउ पुगेको छ। आश्रय व्यवस्था मिलाउने गरिएको छ। बालबालिका खोजतलास तथा समन्वय केन्द्र निःशुल्क हेल्पलाइन फोननं. १०४ मा पनि समन्वय भै रहेको छ। प्लान इन्टरनेशनल नेपल र साझेदार संस्थावाट गर्भवती महिला र तीन वर्षमुनिका बालबालिकाका अभिभावकहरुलाई लक्षित गरी प्रारम्भिक बालविकास सम्बन्धी अभिभावक शिक्षा, बाल सपना परियोजना सम्बन्धीत पालिकाको स्वास्थ्य शाखाको समन्वयमा संचालित छन्।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

## रणनीतिका आधार र मान्यताहरु

### ३.१ रणनीतिका आधार

**क) बहुपक्षीय संलग्नता**

प्रारम्भिक बालविकासको लागि पालिका स्तरमा सामाजिक विकास शाखाको नेतृत्वमा र सम्बन्धित सबैको सहकार्यमा बहुपक्षीय सेवाहरु एकीकृत कार्यक्रमको रूपमा कार्यान्वयन गरिनेछ।

**ख) प्रारम्भिक बालविकासको अधिकार**

बालबालिकाका सम्वन्धित नीति, योजना कार्यक्रम बाल अधिकारमा आधारित हुनेछन्। बालबालिका सम्वन्धि क्रियाकलाप बालबालिकाको सर्वोत्तम हित र सिद्धान्तलाई सर्वोपरी राखी गरिनेछ।

**ग) मानव जीवन चक्रमा आधारित**

बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक र आध्यात्मिक विकास र प्रारम्भिक सिकाइ र उमेर अनुसारको आवश्यकतालाई मध्यनजर राखेर कार्यक्रम निर्माण तथा कार्यान्वयन गरिनेछ।

**घ) स्थानिय परिवेश**

बालबालिका हुर्कने भौगोलिक, वातावरणीय, मौलिक सास्कृतिक मैत्री /सुहाउँने सेवा विकास र कार्यान्वयन गरिनेछ।

### ३.२ आधारभूत मान्यताहरू

रणनीतिक योजना तर्जुमा गर्दा निम्न प्रमुख मान्यताहरूलाई आत्मसात गरिएकोछः

(क) प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई उमेर, लिङ्ग, क्षमता, अपाङ्गता, पारिवारिक स्थिति, जातजातीयता, वर्ग, धार्मिक आस्था, आर्थिक अवस्था, सामाजिक साँस्कृतिक अवस्था, राजनीतिक आस्था र भूगोलको आधारमा विना भेदभाव सर्वाङ्गीण विकासको अवसर प्रत्याभूत गरिनेछ।

(ख) बालबालिकाको सर्वोत्तमहित अनुकूल संरक्षण, बचावट, सहभागिता र विकास गर्ने वातावरण तयार गर्दै बालअधिकारको सुनिश्चितता गरिनेछ।

(ग) प्रत्येक प्रारम्भिक बालविकास उमेरका बालबालिकालाई आफ्नो उमेर, क्षमता र आवश्यकताको आधारमा पूर्ण क्षमताको विकास गर्ने अवसरको प्रत्याभूति गरिनेछ।

(घ) बालबालिकाको सर्वाङ्गीण विकासलाई सहयोग पुग्ने वातावरण तयार गरिनेछ।

(ङ) दिगो र गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने जिम्मेवारी परिवार, समुदाय र राज्यको हुनेछ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

(च) स्थानीय तथा परम्परागत राम्रा प्रचलनको प्रवर्द्धन र हानिकारक प्रचलनलाई निरूत्साहित गर्दै सर्वाङ्गीण विकासका लागि आवश्यक सबैसेवाहरू एकीकृत रूपमा प्रवाह गरिनेछ।

(छ) बालबालिकामा हुने लैङ्गिक विभेद पहिचान गरी सोको न्यूनी करणगर्दै कार्यक्रम सञ्चालन गरिनेछ।

(ज) बालबालिकालाई जिम्मेवार र प्रतिष्ठित नागरिक सरह सम्मान गर्दै अनुशासित र जिम्मेवार नागरिक बनाइनेछ। स्वास्थ्य, पोषण, सुरक्षा तथा संरक्षण, शिक्षा र खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरू एकीकृत रुपमा प्रदान गरिन्छ।

### ३.३ प्रारम्भिक बालविकास सम्बन्धी आधारभूत सेवाहरू

गर्भावस्था देखि नै बालबालिकालाई सर्वाङ्गीण विकासको अवसर सुनिश्चित गर्नपोषण, स्वास्थ्य, स्याहार, संरक्षण र सिकाईका एकीकृत सेवा प्रदान गर्नुपर्दछ। उमेर अनुसार प्रवाह गर्नु पर्ने सेवाहरू निम्नानुसार छन्

पालिका

- सबै बालबालिकाको जन्म दर्ता भएको हुने।
- एकीकृत प्रारम्भिक बालविकासका लागि एकीकृत तथ्याङ्कको प्रवर्दन भएको हुने।
- विपद्न्यूनीकरण तथा व्यवस्थापनमा प्रारम्भिक उमेरका बालबालिका तथा गर्भवती महिलाका लागि विशेष व्यवस्था भएको हुने।
- बालसुरक्षा र संरक्षण प्रणाली सुदृढीकरण भएको हुने।
- विपद्व्यवस्थापनको पूर्व तयारी गरी विपदबाट हुने हानी नोक्सानीमा कमी भएको हुने

**शिक्षा**

- उमेर समुहका सबैबालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर प्राप्तभएको हुने,
- प्रारम्भिक बालविकास तथा सिकाइको मापदण्ड र पाठ्यक्रम लागू भएको हुने।
- प्रारम्भिक बालविकास सेवाहरूको गुणस्तर कायम गर्न आवश्यक दक्ष मानव स्रोत परिचालित भएको हुने।
- बाल—केन्द्रित, बालमैत्री, भय रहित वातावरण र बाल अधिकारमा आधारित प्रारम्भिक बालविकास सेवाहरूमा बालबालिकाको पहुँच वृद्धि भएको हुने।
- अभिभावक तथा परिवारका सदस्यहरूको बालबालिका प्रति गरिने व्यवहारमा सुधार भई बालबालिकाको सर्वाङ्गीण विकासमा टेवा पुगेको हुने।

**स्वास्थ्य तथा पोषण**

- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको स्वास्थ्यमा सुधार भई मातृ तथा बाल मृत्युदर न्युनिकरण हुने।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

- बालबालिकामा हुने रोग तथा स्वास्थ्य समस्याहरूमा कमी आएको हुने।
- बाल्यावस्थामा हुने रोगको रोकथाम र व्यवस्थापन गर्ने सेवाको पहुँचमा वृद्धि भएको हुने।
- गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाले पूर्णखोप लिएको हुने।
- मानसिक स्वास्थ्य सेवामा गर्भवती र सुत्केरी महिलाको पहुँच र गुणस्तरीय सेवाको उपभोगमा सुधार भएको हुने।
- कक्षा ३ सम्मका बालबालिकाका लागि विद्यालयमा स्वास्थ्य सेवा उपलब्ध भएको हुने।
- गर्भवती महिला तथा बालबालिकाको खाद्य तथा पोषण सुरक्षाको स्थितिमा सुधार भएको हुने।
- बाबुआमा, अभिभावक तथा परिवारका सदस्यहरुको पोषण सम्बन्धी ज्ञान तथा सीपमा वृद्धि भई पोषणयुक्त खानाको पहुँच तथा उपभोगमा सुधार भएको हुने।

खानेपानी तथा सरसफाइ

- सुरक्षित खानेपानीको पहुँचमा वृद्धि भएको हुने।
- बालमैत्री शौचालयको प्रयोगमा वृद्धि भएको हुने।
- व्यक्तिगत तथा वातावरणीय सरसफाइ सम्वन्धी व्यवहारमा सुधार भएको हुने।
- पानीको शुद्धीकरण सम्बन्धी ज्ञान र सीपमा वृद्धि हुनुका साथै व्यवहारमा सुधार भएको हुने

**महिला, बालबालिका तथा जेष्ठ नागरिक**

- उमेर समुहका बालबालिकालाई प्रारम्भिक बालविकास तथा स्याहारको अवसर प्राप्त भएको हुने,
- बालबालिकाको सुरक्षा, संरक्षण र बालविकास तथा सिकाइ पद्धतिको सुदृढीकरण भएको हुने।
- किशोरी अवस्थामा हुने गर्भधारण संख्यामा न्यूनीकरण भएको हुने।
- स्थानीय तहका संयन्त्रहरूबाट बाल बचावट, सुरक्षा र संरक्षणमा सुधार भएको हुने।
- अभिभावक, सहजकर्ता, शिक्षक र अन्य वयस्कहरूमा बालअधिकार र विकास सम्वन्धी व्यवहारमा परिवर्तन भै बालबालिका प्रति हुने शारीरिक तथा मानसिक हिंसामा कमी भएको हुने।
- अभिभावक तथा परिवारको व्यवहारमा परिवर्तन भई असल अभिभावकत्वमा वृद्धि भएको हुने।
- अपाङ्गता भएका गर्भवती महिला तथा बालबालिका लक्षित सेवाको पहुँचमा वृद्धि भएको हुने।
- परिवार तथा समूदायको संलग्नतामा वृद्धि भएको हुने।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

## प्रारम्भिक बालविकास रणनीति

पालिका प्रारम्भिक बालविकासको दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति यस प्रकार रहने छन्।

### ४.१ दूरदृष्टि

प्रारम्भिक उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मानव स्रोत विकास हुनेछ।

### ४.२ लक्ष्य

गर्भावस्था देखि ८ वर्ष सम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गरिनेछ।

### ४.३ उद्देश्य

१. गर्भावस्था देखि ८ वर्ष सम्मका सबै बालबालिकालाई उमेर अनुसार सर्वाङ्गीण विकासको लागि गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्नु।

२. एकीकृत प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्नु।

३. प्रभावकारी सेवा पुर्याउन दक्ष मानव स्रोत र आर्थिक स्रोत सुनिश्चित गर्नु।

४. सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु।

५. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु।

६. विशेष संरक्षणको आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु।

रणनीति

***उद्देश्य १: गर्भावस्था देखि ८ वर्ष सम्मका सबै बालबालिकालाई उमेर अनुसार सर्वाङ्गीण विकासको लागि गुणस्तरीय सेवा एकीकृत रुपमा प्रदान गर्नु।***

**रणनीति १.१:** प्रारम्भिक बालविकासका लागि उमेरगत रूचि, क्षमता तथा आवश्यकता अनुसारको लैङ्गिकमैत्री, बालमैत्री, समावेशी, समतामूलक र गुणस्तरीय सेवा प्रवाह गर्ने।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

कार्यनीति

१ बाल बालिकाको सर्वाङ्गीण विकासमा पहुँच पुर्याउन घरमा, समुदायमा, विद्यालयमा एवं कार्य क्षेत्रमा आधारित गुणस्तरीय प्रारम्भिक बालविकासका कार्यक्रमहरू क्रमशः सञ्चालन गरिने छ।

२ प्रारम्भिक बालविकास सेवाहरू (स्वास्थ्य, खोप, पोषण, उत्प्रेरणा, खेलआदि) एकीकृत रूपमा प्रदान गर्ने व्यवस्था गरिने छ।

३ गर्भवती तथा सुत्केरी महिला र प्रारम्भिक बालविकास उमेरका बालबालिकाको मानसिक स्वास्थ्य र स्याहार सम्बन्धी परामर्श तथा उपचारको व्यवस्था गरिनेछ ।

४ प्रारम्भिक बालविकास तथा शिक्षा पाठयक्रम २०७७ कार्यन्वयनको सुनिश्चित गरिनेछ।

५ प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई पोषणयुक्त खानाको व्यवस्था गरिनेछ ।

६ बालविकास केन्द्र, विद्यालय, स्वास्थ्य सेवा केन्द्र तथा बालसंरक्षण गृहहरूमा जङ्कफुड तथा अस्वस्थकर खाना निषेध गर्ने नियम बनाइ लागू गरिनेछ।

७ बालविकास केन्द्रबाट कक्षा १ मा जाने बालबालिकाको लागि विद्यालय समायोजन कार्यक्रम सञ्चालन गरिनेछ । ५ देखि ८ वर्षका बालबालिका (कक्षा १—३) का लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप (२०६७) अनुसार प्रयोगात्मक अभ्यास, खेल तथा अवलोकन विधि प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ।

८ प्रारम्भिक बालविकास उमेरका बालबालिकाको लागि कार्यक्रम सञ्चालन गर्दा मातृभाषा सहजीकरणको व्यवस्था गरिनेछ।

९ प्रारम्भिक बालविकासको पाठ्यक्रमको ढाँचामा रही स्थानीय पाठ्यक्रम तथा शैक्षिक सामग्री परिमार्जन तथा विकास गरिनेछ।

१० प्रारम्भिक बालविकास उमेरका विद्यालय जाने बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिने छ।

**रणनीति १.२: प्रारम्भिक बालविकासकको उमेर र सेवा अनुरूप न्यूनतम मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने।**

कार्यनीति

१ गर्भवती महिला तथा बालबालिका सम्बन्धी सेवा प्रदायक संस्था (परिवार, स्वास्थ्य केन्द्र, बालविकास केन्द्र, विद्यालय आदि) को न्यूनतम मापदण्ड निर्धारण गरिनेछ।

२ बालबालिकाको उमेरगत विकास र सिकाइ मापदण्ड अनुसार लागूगर्न संयन्त्र तयार गरिनेछ ।

३ गर्भवती महिला तथा बालबालिकाको लागि आवश्यक सेवाहरूको न्यूनतम मापदण्ड अनुसार कार्यन्वयन गरिनेछ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

४ न्युनतम मापदण्डको आधारमा कार्यक्रमको सुपरिवेक्षण गरी आवश्यकता अनुसार सुधार र परिमार्जन गरिनेछ।

**रणनीति १.३: प्रारम्भिक बालविकासका सेवाहरुमा गुणस्तरीयता र प्रभावकारीता कायम गर्न सूचना व्यवस्थापनको सुदृढीकरण, अनुगमन, मूल्याङ्कन र अनुसन्धान पद्दती स्थापित गर्ने।**

**कार्यनीति**

१. बालविकास सम्बन्धी हाल भएका कार्यक्रमहरूको अवस्था विश्लेषण, तथ्याङ्क सङ्कलन तथा नक्साङ्कन गरी आवश्यकताको आधारमा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

२. एकीकृत प्रारम्भिक बालविकास सम्बन्धी स्थानीय र परम्परागत अभ्यासहरूको अनुसन्धान गरी उपयुक्त अभ्यासहरूको संरक्षण, प्रवर्दन र परिमार्जन गरिने छ

३. गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाहरुको लागि अनुगमनका सूचकहरू तयार गरी लागु गरिनेछ।

४. एकीकृत प्रारम्भिक बालविकास सम्बन्धी सूचना व्यवस्थापन तथा सुदृढीकरण गरिनेछ।

५. बालबालिकाको खण्डीकृत (उमेरगत, लैङ्गिक, अपाङ्गता) तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरिनेछ।

६. सहज जन्मदर्ताको व्यवस्था गर्ने तथा व्यक्तिगत परिचयपत्रको आधारमा जन्म देखिनै बालबालिकाको निरन्तर अनुगमन गरी आवश्यक सेवा सुविधाको योजना वनाइने छ।

**रणनीति १.४: लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गता मैत्री पूर्वाधार सुनिश्चित गर्ने ।**

**कार्यनीति**

१. एकीकृत प्रारम्भिक बालविकासको लागि उपयुक्त पूर्वाधारहरू (बाल उद्यान, दिवा शिशु स्याहार तथा विकास केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र, बालविकास केन्द्र, प्रसुतीकेन्द्र) आदिको विकास गरिनेछ।

२. विद्यमान पूर्वाधार सम्बन्धी निर्देशिका र मापदण्डहरूलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री हुनेगरी आवश्यकता अनुसार निर्माण तथा संशोधन गरिनेछ।

३. घर तथा अन्य संरचना निर्माण गर्दा सुरक्षित तथा बालबालिका मैत्री संरचनाको मापदण्ड अनुसार गरिनेछ।

४. प्रारम्भिक बालविकासको लागि आवश्यक सेवा प्रदान गर्ने केन्द्रको मापदण्ड अनुसारको भौतिक संरचना तयार गरिनेछ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

५. प्रत्येक समुदाय वा टोल तथा एकीकृत वस्तीहरुमा एकीकृत प्रारम्भिक बालविकास सेवा केन्द्र अनिवार्य सञ्चालन गर्नु पर्ने व्यवस्था गरिनेछ।

*उद्देश्य २: एकीकृत प्रारम्भिक बालविकासका लागि कानूनी, संस्थागत तथा संरचनागत संयन्त्र निर्माण गर्नु।*

**रणनीति २.१: स्थानीय तहमा प्रारम्भिक बालविकासका राष्ट्रिय रणनीति २०७७ – ८८ को आधारमा** यस पालिकाको रणनीति तयार नयाँ नीति तथा निर्देशिका तर्जुमा गर्ने।

**कार्यनीति**

१. प्रारम्भिक बालविकास सम्वन्धी ऐन र कार्यविधि तर्जुमा गरिनेछ।
२. लैङ्गिक तथा सामाजिक समावेशी करणलाई मध्य नजर गरी विषयगत शाखाको नीति, योजना तथा कार्यक्रममा प्रारम्भिक बालविकासलाई एकीकृत गरिनेछ।
३. स्थानीय तहमा प्रारम्भिक बालविकास उमेरका बालबालिका तथा लक्षित परीवारलाई गुणस्तरीय सेवा प्रवाह गरिनेछ।

**रणनीति २.२: प्रारम्भिक बाल विकासका लागि सम्बन्धित सबै निकायको प्रतिनिधित्व हुने गरी संयन्त्र निर्माण गर्ने।**

**कार्यनीति**

१. प्रारम्भिक बालविकास सम्बन्धी रणनीति कार्यान्वयनका लागि प्रारम्भिक बालविकास समितिको व्यवस्था गरिनेछ।
२. समितिले प्रारम्भिक बालविकास सम्वन्धी रणनितिको कार्यान्वयन, अनुगमन, समन्वय र मूल्याङ्कन सम्बन्धी कार्यगर्ने व्यवस्था गरिनेछ।

**रणनीति २.३:** स्थानीय तहमा एकीकृत प्रारम्भिक बालविकास कार्यक्रम तथा गुणस्तरीय सेवा प्रवाह **गर्न आपसी समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने।**

कार्यनीति

१. स्थानीय तहका प्रारम्भिक बालविकासका कार्यक्रम तथा गुणस्तरीय सेवा प्रवाह गर्न, सरकारी तथा गैरसरकारी एवं निजि संघ संस्थाबीच सहकार्य तथा समन्वयको ढाँचा तयार गरी लागू गरिनेछ।
२. कार्यक्रम सञ्चालनका लागि आर्थिक स्रोत व्यवस्थापन सम्बन्धी नीति तय गरिनेछ।
३. शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, सुरक्षा र संरक्षण तथा खानेपानी सम्वन्धी सेवा प्रदाय शाखा बीच बालबालिकाको लागि समन्वय र सहकार्य गर्ने स्पष्ट नीति, निर्देशिका एवं मादण्ड तर्जुमा गरी लागू गरिनेछ।

रणनीति २.४: विपद्पूर्व तयारी योजनामा गर्भवती महिला तथा प्रारम्भिक बाल विकास उमेरका बालबालिकाका लागि सुरक्षा संरक्षण सहितको विशेष व्यवस्था गर्ने।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

कार्यनीति

१. विपद पूर्व तयारी योजनामा गर्भवती महिला तथा प्रारम्भिक बाल विकास उमेरका बालबालिकाको सुरक्षा र संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ।

२. घरपरिवार तथा समुदायमा विपद पूर्व तयारी तथा व्यवस्थापन योजना बनाउन एवं तत्सम्बन्धी तयारी गर्न, गराउन प्रोत्साहन गरिनेछ।

*उद्देश्य ३ : प्रभावकारी सेवा पुर्याउन दक्ष मानव तथा आर्थिक स्रोत सुनिश्चित गर्नु।*

**रणनीति ३.१: प्रारम्भिक बालविकासलाई प्राथमिकतामा राखेर एकीकृत योजना र कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गर्ने।**

कार्यनीति

१. एकीकृत प्रारम्भिक बालविकासको योजना तर्जुमा सम्बन्धी निर्देशिका कार्यान्वयन गरिनेछ

२. प्रारम्भिक बालविकासको लागि बजेट विनियोजनको व्यवस्था सुनिश्चित गरिनेछ।

**रणनीति ३.२: गैरसरकारी संस्था, आम सञ्चार, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकासमा सहयोग, सहकार्य तथा लगानी गर्न प्रोत्साहन गर्ने ।**

कार्यनीति

१. गैर सरकारी संस्थालाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग (लगानी) बढाउन प्रोत्साहन गरिनेछ।

२. निजी क्षेत्रले हाल सामाजिक उत्तरदायित्व अन्तर्गत उपलब्ध गराउँदै आएको योगदानलाई प्रारम्भिक बालविकासको क्षेत्रमा उपयोग गर्न प्रोत्साहन तथा सहजीकरण गरिनेछ।

३. निजी क्षेत्र र आम सञ्चारलाई प्रारम्भिक बालविकासको क्षेत्रमा सहयोग र सहकार्य गर्न प्रोत्साहन गरिनेछ।

४. प्रारम्भिक बालविकासको क्षेत्रमा गरिने सहयोगलाई एकद्वार प्रणालीबाट व्यवस्थापन नीति अवलम्बन गरिनेछ।

**रणनीति ३.३: प्रारम्भिक बालविकासका लागि आवश्यक मानवस्रोतको प्रक्षेपण तथा विकासका लागि मानव स्रोत योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन गर्ने।**

कार्यनीति

१. प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोत तयार गरी अनुसन्धान र तथ्याङ्क सङ्कलन तथा हाल भएका विवरण अद्यावधिक गरिनेछ।

२. दक्षमानव स्रोतको प्राप्ति, विकास, टिकाउका लागि विशेष प्रावधान, योजना तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

३. प्रारम्भिक बालविकासका लागि दक्ष मानव स्रोत उत्पादनमा मापदण्ड निर्धारण गरी तालिम र कार्यशालाको व्यवस्था गरिने।

**रणनीति ३.४: प्रारम्भिक बालविकासका लागि आवश्यक मानव स्रोतको प्रक्षेपण तथा विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने।**

**कार्यनीति**

१. वृत्ति विकासको अवसर सुनिश्चित गर्न तालिम तथा सीपविकासका अवसरहरू प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ।

२. हाल कार्यरत मानव स्रोतको पेशागत क्षमता मूल्याङ्कनका आधारहरू तयार गरी वृद्दि विकासका अवसरहरू सहित विशेषज्ञता हासिल गर्ने अवसर प्रदान गरिनेछ।

३. प्रारम्भिक बालविकासका लागि विभिन्न तहमा आवश्यक मानव स्रोतहरूको एकीकृत बालविकास सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धिको अवसर प्रदान गरिनेछ।

४. अपाङ्गता भएका बालबालिका र गर्भवती महिला सँग तथा प्रारम्भिक बालविकास उमेरका बालबालिका सँगकार्य गर्ने मानव स्रोतको लागि विशेष ज्ञान तथा सीप प्रदान गर्ने व्यवस्था गरिनेछ।

५. प्रारम्भिक बालविकासमा कार्यरत मानवस्रोतको स्तर निर्धारण तथा प्रमाणीकरणको व्यवस्थाका लागि सम्बन्धित निकायसँग समन्वय गरी स्तर निर्धारण र प्रमाणीकरणको व्यवस्था गरिनेछ।

***उद्धेश्य ४: सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु।***

**रणनीति ४.१: सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता, संलग्नता र जिम्मेवारी अभिवृद्धि गर्ने।**

**कार्यनीति**

१. बालविकाससँग सम्वन्धित ऐन, कानून, नीति, कार्यक्रम, सेवा सुविधा तथा न्यूनतम मापदण्डवारे अभिभावकलाई सुसूचित गरिनेछ।

२. गर्भावस्था देखि नै प्रारम्भिकबाल विकास सम्बन्धी ज्ञान तथा सीपलाई अद्यावधिक गर्न लक्षित कार्यक्रम (अभिभावक शिक्षा र संवाद) सञ्चालन गरिनेछ।

३. बालविकासको महत्व र आवश्यकता अनुरुप घरपरिवार तथा समुदायमा सिकाईको वातावरण सिर्जना गर्न परिवार तथा समुदायलाई जिम्मेवार वनाइनेछ।

४. गर्भावस्था देखि नै बालवालिकाको विशेष स्याहार गर्ने कार्यमा बाबुलाई समेत जिम्मेवार वनाउन दक्षता अभिवृद्धि तथा जिम्मेवारी वहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

५. बालबालिकाको उमेर, रुचि, अवस्था र आवश्यकता अनुसार स्थानीय परिवेश सुहाउँदो कार्यक्रम सञ्चालनमा अभिभावक तथा समुदायलाई प्रोत्साहन गरिनेछ।

६. विकास प्रयासलाई बालमैत्री बनाउन टोल र वडास्तरको स्थानीय योजना निर्माण गर्ने कार्यक्रममा अभिभावकको संलग्नता सुनिश्चित गरिनेछ।

७. गर्भावस्था, सुरक्षित मातृत्व, खोप, पोषण, स्याहार, सुरक्षा, संरक्षण, प्रारम्भिक सिकाई, जोखिम न्यूनीकरण तथा व्यवस्थापन, अपाङ्गता तथा उमेरगत विकास सहितको अभिभावक शिक्षा र संवादकार्य क्रम सञ्चालन गरिनेछ।

**रणनीति ४.२: प्रारम्भिक बालविकासको लागि आमसञ्चार माध्यमसँग सहकार्य गर्ने।**

**कार्यनीति**

१. अभिभावक, हेरालु तथा समुदायको लागि श्रव्य दृश्य सामग्री अभिभावकहरूको सहभागितामा तयार गरीनुका साथै उनीहरूको लागि अध्ययन गर्ने वातावरणको व्यवस्था गरिनेछ।

२. स्थानीय सञ्चार माध्यम, स्थानीय समूह (आमा, अगुवा, उपभोक्ता, बालक्लव) हरूको प्रारम्भिक बालविकास सम्बन्धी ज्ञान, सीप र दक्षता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३. विभिन्न सञ्चार माध्यम द्वारा नियमित रूपमा प्रारम्भिक बालविकासलाई विशेष स्थान दिई प्रशारण गर्न सहकार्य र समन्वय गरिनेछ।

४. प्रारम्भिक बालविकास समिति, स्थानीय तहका बालअधिकार समिति लगायतका संयन्त्रहरूको काम, कर्तव्य तथा वाल संरक्षण नीतिबारे नियमित प्रचार प्रसार गरिनेछ

**रणनीति ४.३: बालबालिका हुर्काउने (लालनपालन, सिकाइ, सुरक्षा, स्वास्थ्य, पोषण) असल स्थानीय चलनको निरन्तरताको लागि प्रोत्साहनको व्यवस्था गर्ने।**

**कार्यनीति**

१. अभिभावक, परिवारका सदस्य तथा स्याहार कर्तालाई गर्भावस्था देखिनै बालबालिकाको सर्वाङ्गीण विकास गर्न ज्ञान, सीप र प्रारम्भिक बालविकास मैत्री व्यवहार प्रवर्द्धन गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय असल अभ्यासको संवर्द्धन, प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

२. गर्भ देखि चार वर्षको वाल बालिकाका आमाबाबु वा अभिभावकलाई स्वास्थ्य स्वयंसेविका र आमा समूहको माध्यमबाट र चार देखि आठवर्षका बालबालिकाका आमाबाबुवा अभिभावकका लागि प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता र प्राथमिक शिक्षक मार्फत क्रमशः अभिभावक शिक्षा दिने व्यवस्था गरिनेछ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

३. प्रत्येक टोल, गाउँ, वडामा बालबालिकाको सर्वाङ्गीण विकास गर्ने वातावरण सहितको सम्पूर्ण सेवा प्रदान गर्ने एकिकृत प्रारम्भिक बालविकास तथा स्याहार कार्यक्रम सञ्चालन गरिनेछ।

४. न्युन आय भएका अभिभावकहरूलाई बालबालिकाको पोषण, स्वास्थ्य, उत्प्रेरणा र सिकाईका लागि सहयोगको व्यवस्था गरिनेछ।

५. अभिभावक शिक्षालाई अभियानको रूपमा सबै शाखाको संलग्नतामा सञ्चालन गर्ने नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ।

६. आमाबावु विहिन बालबालिकालाई उचित स्याहार, सिकाई, पोषण, संरक्षण र उत्प्रेरणा प्रदान गर्न परिवारका अन्य सदस्य र अभिभावकलाई प्रोत्साहन गर्ने व्यवस्था गरिनेछ।

७. दैनिक काममा जानुपर्ने अभिभावकको लागि तिनीहरूको कार्यक्षेत्रमा दिवा शिशु स्याहार केन्द्रको व्यवस्था गरिनेछ।

८. घरायसी स्तरमा खाद्य तथा पोषण सुरक्षा अभिवृद्धिका लागि पारिवारिक खेती तथा पशुपंक्षी पालन विस्तार गर्न प्रोत्साहन गरिनेछ।

***उद्देश्य ५: प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु।***

***उद्देश्य ६: विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु।***

**रणनीति ६.१ विशेष संरक्षणको आवश्यकता भएका गर्भवती महिला तथा बालबालिकाको प्रारम्भिक बालविकासको अवसर सुनिश्चितताको लागि समन्वय, सहकार्य र सहयोग सुनिश्चित गर्ने।**

**कार्यनीति**

१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका र गर्भवती महिलाको पहिचान गरी उनीहरूको सर्वाङ्गीण विकासका लागि लक्षित कार्यक्रम बनाई गुणस्तरीय सेवा प्रवाह गरिनेछ।

२. अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने व्यवस्था गरिनेछ। अपाङ्गता भएका बालबालिकाको आवश्यकता पहिचान गरी विशेष कार्यक्रम वा समावेशिताको नीति अवलम्वन गरिनेछ।

३. अपाङ्गताको संवेदनशीलताको आधारमा सेवासुविधाको व्यवस्था गरिनेछ। यसको लागि प्रारम्भिक बालविकास समितिको माध्यमबाट समन्वय र सहकार्य बढाइनेछ।



बलकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

गौरीनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कुमालगाउँ, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

**रणनीति ६.२: सीमान्तीकृत अवस्थामा रहेका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्ने।**

**कार्यनीति**

१. सीमान्तीकृत वर्गका गर्भवती महिला तथा प्रारम्भिक बालविकास उमेरका बालबालिकाको तथ्याङ्क संकलन तथा अध्यावधिक गरिनेछ।

२. गर्भवती महिलाको नियमित स्वास्थ्य जाँच तथा सुरक्षित मातृत्वको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३. बालबालिका तथा परिवारको आवश्यकताको आधारमा घरमा वा समुदायमा आधारित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ।

## ४.६ कार्यान्वयन, अनुगमन तथा मुल्यांकन

### (क) कार्यान्वयन

कार्यान्वयनको लागि पालिका जिम्मेवार निकायको रुपमा रहने छन । विद्यमान कानूनको आधारमा रही कार्यन्वयन गरिनेछ। त्यस्तै आवश्यक निर्देशिका र मार्गदर्शन तर्जुमा गरिने छ। यस रणनीति कार्यान्वयनका लागि पालिका तहमा पालिका अध्यक्षको अध्यक्षतामा पालिका प्रारम्भिक बालविकास समिति रहनेछ। त्यसैगरी पालिका र वडा तहमा संस्थागत संरचनाको निर्माण गरिनेछ। यस अनुसार पालिका प्रारम्भिक बालविकास समिती (अनुसूची१) मा व्यवस्था गरिएकोछ। र वडा तहमा वडा प्रारम्भिक बालविकास समिति अनुसूची २ मा रहनेछ।

### (ख) अनुगमन

यस रणनीति कार्यान्वयनमा भएको प्रगतिको नियमित अनुगमनका लागि अनुसूची १, २ र ३ अनुसार गठन भएका समितिहरू क्रमशः पालिका तथा पालिकास्तरीय प्रारम्भिक बालविकास समिति र वडा स्तरीय प्रारम्भिक बालविकास समितिहरू संलग्न हुनेछन्। साझेदार संघसंस्थाहरू संग समन्वय गर्न सकिनेछ।

### (ग) मूल्याङ्कन

यो रणनीतिको कार्यान्वयन र सोबाट प्रारम्भिक बालविकासको क्षेत्रमा परेको असर तथा प्रभावको आन्तरिक र तेस्रोपक्षवाट मूल्याङ्कन गरिनेछ। मूल्याङ्कन गर्दा अनुसूची ४ मा व्यवस्था भएको असरका सूचकलाई आधार मानिनेछ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

गौरीगाउँ गाउँपालिका कार्यपालिकाको कार्यालय, कुमालगाउँ, कालिकोट, कर्णाली प्रदेश, नेपाल २०७४

## अनुसूची १

**प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ ले संरचनात्मक व्यवस्था निर्दिष्ट गरेअनुसार पालिका प्रारम्भिक बालविकास समिति**

**स्थानीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार**

प्रमुख वा अध्यक्ष, गाउँपालिका.........................................................अध्यक्ष

कार्यपालिका सदस्य, प्रारम्भिक बालविकास क्षेत्रसँग सम्बन्धित..................सदस्य

अध्यक्ष, स्थानीय बालअधिकार समिति..................................................सदस्य

सामाजिक विकास शाखा अन्तर्गतका शाखाप्रमुखहरू...............................सदस्य

बालकल्याण अधिकारी.........................................................................सदस्य

प्रारम्भिक बालविकास विज्ञ (१जना)....................................................सदस्य

स्थानीय बाल सञ्जालबाट छात्राछात्र १/१.............................आमन्त्रित सदस्य

प्रमुख प्रसासकीय अधिकृत, गाउँपालिका.......................................सदस्यसचिव

**स्थानीय प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार**

१. स्थानीय स्तरमा राष्ट्रिय तथा पालिकाको नीति, रणनीति, कार्यक्रमसँग तादाम्यता हुने गरी प्रारम्भिक बालविकासको नीति, रणनीति तथा कार्यनीति तर्जुमा गर्ने।
२. प्रमूख कार्यान्वयन कर्ताको रुपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरुको कार्यान्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने।
३. वडा स्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा वडा प्रारम्भिक बालविकास समिति गठन गर्न सहयोग गर्ने।
४. वडा स्तरमा कार्यक्रम सञ्चालन गर्न कार्यक्रमको खाका तयार गरी लागू गर्ने।
५. प्रारम्भिक बालविकासका लागि आर्थिक स्रोतको व्यवस्थापनमा समन्वय र सहजीकरण गर्ने।
६. स्थानीय तहमा मानव स्रोत विकास, व्यवस्थापन तथा परिचालनको सुनिश्चितता गर्ने।
७. सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।
८. स्थानीय स्तरमा प्रारम्भिक बालविकास सम्बन्धी सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन तथा अनुगमन गर्न बालविकास संयोजकको व्यवस्था गर्न सहजीकरण गर्ने।

यस समितिले आवश्यकता अनुसार सामाजिक संघसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्नसक्नेछ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

## अनुसूची २ः

**वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन तथा काम, कर्तव्य र अधिकार**

वडा अध्यक्ष, सम्बन्धित वडा . . ................................................ अध्यक्ष
वडा सदस्य, महिला . . ........................................................... सदस्य
वडा सदस्य, दलितमहिला . ...................................................... सदस्य
प्रमूख (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, कृषि, पशुशाखा) .................सदस्य
संयोजक, वडा नागरिक समूह .......................................................सदस्य
स्थानीय महिला स्वास्थ्य स्वयंसेविका (१जना) .......................................सदस्य
प्रारम्भिक बाल विकास विज्ञ (१जना) ................................................सदस्य
प्रतिनिधि, प्रारम्भिक बालविकासमा कार्यरत गैरसरकारी संस्था ...................सदस्य
वडा बाल संजालबाट छात्राछात्र बाट १/१ .............................आमन्त्रितसदस्य
वडासचिव .......................................................................सदस्य–सचिव

**वडा प्रारम्भिक बालविकास समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछः**

१. स्थानीय स्तरमा तयार गरिएको प्रारम्भिक बालविकासको कार्यनीति लागू गर्ने।
२. प्रमुख कार्यान्वयनकर्ताको रूपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरू कार्यान्वयन गर्ने। वडास्तरमा कार्यक्रम सञ्चालन गर्ने।
३. प्रारम्भिक बालविकासका कार्यक्रम कार्यान्वयनका लागि आर्थिक स्रोतको व्यवस्थापन र परिचालनको लागि सहजिकरण गर्ने।
४. तोकिएको मापदण्ड अनुसार कार्यक्रम अनुगमन, नियमन तथा कार्यान्वयनको सुनिश्चितता गर्ने।
५. सबै सरोकारवालाहरूसँगको समन्वयमा कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने

यस समितिले आवश्यकता अनुसार सामाजिक संघसंस्था तथा निजी सेवा प्रदायकका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner